# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५३) काठमाडौं, फागुन ११ गते २०६० साल (अतिरिक्ताङ्क ६५

## भाग २

श्री ५ को सरकार

कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिए बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

२०६० सालको अध्यादेश नं. २३

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत वीरेन्द्रमाला महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम महागौरवमय सुप्रदीप्त वीरेन्द्रप्रजातन्त्रभास्कर परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

## गरीबी निवारण कोषको स्थापना र सञ्चालन गर्न बनेको अध्यादेश

प्रस्तावना: समाजका गरीब तथा पिछडिएका वर्गको सक्रिय सहभागितामा गरीबी निवारण सम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गराउन र गरीबी निवारण कार्यमा संलग्न संस्थाहरुलाई अनुदान तथा आवश्यक सहयोग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उपलब्ध गराई मुलुकबाट गरीबी निवारण गर्न गरीबी निवारण सम्बन्धी एक कोषको स्थापना र सञ्चालन सम्बन्धी व्यवस्था गर्न वाञ्छनीय भएको र हाल संसदको अधिवेशन नभएकोले,

श्री ५ महाराजधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ७२ अनुसार यो अध्यादेश जारी गरिबक्सेको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस अध्यादेशको नाम "गरीबी निवारण कोष अध्यादेश, २०६०" रहेको छ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस अध्यादेशमा,-

(क) "कोष" भन्नाले दफा ३ बमोजिम स्थापना भएको गरीबी निवारण कोष सम्झनु पर्छ ।

(ख) "गरीबी निवारण कार्यक्रम" भन्नाले दफा ६ बमोजिमका कार्यक्रम सम्झनु पर्छ ।

(ग) "सहयोगी संस्था" भन्नाले स्थानीय स्वायत्त शासन ऐन, २०५५ अर्न्तगतका स्थानीय निकाय सम्झनु पर्छ र सो शब्दले गरीबी निवारण कार्यक्रम सञ्चालन गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम स्थापित अन्य संस्था समेतलाई जनाउँछ ।

(घ) "समिति" भन्नाले दफा १० बमोजिम गठन भएको कोषको संचालक समिति सम्झनु पर्छ ।

(ङ) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(च) "उपाध्यक्ष" भन्नाले समितिको उपाध्यक्ष सम्झनु पर्छ ।

(छ) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष र उपाध्यक्ष समेतलाई जनाउँछ ।

(ज) "कार्यकारी निर्देशक" भन्नाले दफा १८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
१०८
मुद्रण विभाग

बमोजिम नियुक्त कोषको कार्यकारी निर्देशक सम्झनु पर्छ ।

(झ) "कर्मचारी" भन्नाले कोषको कर्मचारी सम्झनु पर्छ ।

(ञ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस अध्यादेश अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद -२

## कोषको स्थापना, उद्देश्य तथा काम, कर्तव्य र अधिकार

३. कोषको स्थापना: (१) गरीबी निवारण कोषको नामबाट एउटा कोषको स्थापना गरिनेछ ।

(२) कोषको केन्द्रीय कार्यालय काठमाडौ उपत्यकामा रहनेछ र कोषले आवश्यकता अनुसार नेपाल अधिराज्यभित्र जुनसुकै स्थानमा आफ्नो कार्यालय खोल्न सक्नेछ ।

४. कोष स्वशासित संस्था हुने: (१) कोष अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ ।

(२) कोषको काम कारबाहीको लागि आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) कोषले व्यक्ति सरह चल, अचल सम्पति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य कुनै किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) कोषले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न र कोष उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

५. कोषको उद्देश्य: कोषको उद्देश्य देहाय बमोजिम हुनेछ:-

(क) मुलुकमा विद्यमान गरीबी निवारणका लागि गरीब व्यक्ति, परिवार वा समुदायलाई लक्षित गरी तिनीहरुको आर्थिक तथा सामाजिक स्तर उठाउन सामाजिक परिचालनका माध्यमबाट आवश्यक सेवा सुविधामा पहुंच बढाई उपयोग गर्न सक्ने र स्थानीय विकासको निर्णय प्रक्रियामा सक्रिय गराई आफ्नो



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अधिकार प्रयोग गर्न सक्ने क्षमता अभिवृद्धि गराउने,

(ख) आर्थिक तथा सामाजिक रुपले पिछडिएका र गरीबीको रेखामुनि रहेका व्यक्ति, परिवार तथा समुदायको पहिचान गरी तिनीहरुको आर्थिक तथा सामाजिक स्तर माथि उठाउन क्षमता अभिवृद्धि तथा आर्थिक, सामाजिक र भौतिक पूर्वाधारका कार्यक्रम सञ्चालन गराउने,

(ग) गरीबी निवारणका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्रोत परिचालन गरी त्यसको समन्वित रुपमा सहयोगी संस्था मार्फत परिचालन गराउने,

(घ) सहयोगी संस्थाहरुबीच समन्वय कायम गर्ने, गराउने,

(ङ) गरीबी निवारण सम्बन्धी स्रोत परिचालन गर्ने तथा तत्सम्बन्धी संस्थागत विकास गर्न आर्थिक तथा प्राविधिक सहयोग पुऱ्याउने ।

६. **कोषबाट सञ्चालन हुने कार्यक्रमहरुः** कोषको उद्देश्य हासिल गर्न स्थानीय माग अनुरुप साधारणतया देहाय बमोजिमका कार्यक्रम सञ्चालन हुनेछन:-

(क) आय वृद्धि, सीप विकास, रोजगारी सिर्जना तथा अभिवृद्धि र उत्पादन वृद्धिका कार्यक्रम,

(ख) गरीबी निवारणको कार्यमा सहयोग पुऱ्याउन आवश्यकतानुसार पूरक कार्यक्रमको रुपमा आधारभूत स्वास्थ्य, साक्षरता, प्राबिधिक शिक्षा, युवा रोजगार तालिम, साना सिंचाई, साना पुल, खानेपानी, सरसफाई, ग्रामीण सडक, ग्रामीण उर्जा तथा वातावरण सम्वन्धी कार्यक्रम,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) समुदायबाट पहिचान भएका विकासका स-साना पूर्वाधारहरुका निर्माण कार्यक्रम,

(घ) गरीबी निवारण कार्यक्रमलाई सहयोगी संस्था मार्फत सहज रुपमा सञ्चालन गर्ने कार्यपद्धतिको विकास गरी त्यस्ता कार्यक्रममा सामाजिक परिचालनका माध्यमबाट संलग्न हुने व्यक्ति, परिवार, सामुदायिक संस्था तथा कर्मचारीको क्षमता अभिवृद्धि गर्ने तालिम, गोष्ठी, अवलोकन भ्रमण आदि कार्यक्रम,

७. <u>कोषको काम, कर्तव्य र अधिकार</u>: कोषको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) कोषको सञ्चालन र व्यवस्थापन सम्बन्धी नीति, योजना तथा कार्यक्रम स्वीकृत गर्ने,

(ख) कोषको वार्षिक तथा आवधिक कार्यक्रम र बजेट स्वीकृत गर्ने र सोको निमित्त आवश्यक रकमको व्यवस्था गर्ने, गराउने,

(ग) गरीबी निवारण कार्यक्रमहरु तयार पारी त्यस्ता कार्यक्रम सञ्चालन गर्न सहयोगी संस्थालाई परिचालन गर्ने,

(घ) गरीबी निवारण कार्यक्रम सञ्चालन गर्नको लागि प्रदान गरिने अनुदान वा सहयोग प्रदान गर्ने आधार तथा कार्यविधि तयार गरी अनुदान तथा सहयोग प्रदान गर्ने,

(ङ) गरीबी मापनका आधार तथा सूचक तयार गरी सोही अनुरुप गरीबी निवारण कार्यक्रमको संञ्चालन तथा प्रगति समिक्षा गर्ने,

(च) कोषसंग अनुदान तथा सहयोग लिई सञ्चालन भएका गरीबी निवारण सम्बन्धी कार्यक्रमको नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने गराउने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(छ) कोष समक्ष पेश भएका योजना तथा कार्यक्रम स्वीकृत गर्ने,

(ज) कोपको वार्षिक लेखा परीक्षण गराउने,

(झ) कोपले वर्षभरी गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन श्री ५ को सरकार समक्ष पेश गर्ने,

(ञ) कोपको संगठनात्मक स्वरुप स्वीकृत गर्ने र सो बमोजिम आवश्यक दरबन्दी सिर्जना गर्ने,

(ट) कोपको उद्देश्य प्राप्त गर्न आवश्यक अन्य कार्य गर्ने ।

## परिच्छेद -३
## कोषको स्रोत, परिचालन तथा व्यवस्थापन

८. <u>कोषले आर्थिक स्रोत जुटाउन सक्ने</u>: (१) कोपले आफ्नो उद्देश्य अनुरुपको कार्यक्रम सञ्चालन गर्नको लागि श्री ५ को सरकार, सरकारी तथा गैरसरकारी संस्था, विदेशी सरकार वा संस्था, अन्तर्राष्ट्रिय संस्था वा निकाय वा व्यक्तिबाट सहयोग, अनुदान लगायत अन्य आवश्यक आर्थिक स्रोत जुटाउन सक्नेछ ।

तर, विदेशी सरकार वा संस्था, अन्तर्राष्ट्रिय संस्था वा निकाय वा विदेशी व्यक्तिसंग आर्थिक स्रोत लिनु अगावै कोपले श्री ५ को सरकारको स्वीकृति लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कोपमा श्री ५ को सरकारबाट प्राप्त हुने अनुदानको रकम तथा विदेशी सरकार वा संस्था, अन्तर्राष्ट्रिय संस्था वा निकाय वा विदेशी व्यक्तिबाट प्राप्त हुने सहयोग वा अनुदानको रकम श्री ५ को सरकारको बजेटमा समावेश गरी कोपलाई अनुदानको रुपमा उपलब्ध गराउनु पर्नेछ ।

९. <u>सहयोगी संस्थालाई परिचालन गर्ने</u>: कोपले गरीबी निवारण कार्यक्रम सञ्चालन गर्नको लागि सहयोगी संस्थालाई छनौट गरी तोकिए बमोजिम अनुदान वा सहयोग उपलब्ध गराई परिचालन गर्न सक्नेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
992

## परिच्छेद-४
## संचालक समितिको गठन तथा काम, कर्तव्य र अधिकार

१०. संचालक समितिको गठन: (१) कोषको उद्देश्य प्राप्तिको लागि यो अध्यादेश तथा यस अध्यादेश अन्तर्गत बनेको नियम बमोजिम कोषले गर्नु पर्ने सम्पूर्ण काम कारबाहीहरुको सञ्चालन, रेखदेख तथा प्रवन्ध गर्न एक संचालक समितिको गठन हुनेछ ।

(२) संचालक समितिमा देहायका सदस्यहरु रहनेछन्:-

(क) प्रधानमन्त्री -अध्यक्ष

(ख) राष्ट्रिय योजना आयोगका भूतपूर्व उपाध्यक्ष वा सदस्य वा गरीबी निवारणको क्षेत्रमा योगदान पुऱ्याएका राजपत्रांकित विशिष्ट श्रेणीको अधिकृत वा गरीबी निवारणको क्षेत्रमा योगदान पुऱ्याएका व्यक्तिहरु मध्येबाट दफा ११ को प्रकिया अनुसार श्री ५ को सरकारले मनोनयन गरेको व्यक्ति -उपाध्यक्ष

(ग) सचिव, राष्ट्रिय योजना आयोगको सचिवालय - सदस्य

(घ) अध्यक्ष, जिल्ला विकास समिति महासंघ - सदस्य

(ङ) अध्यक्ष, गाउं विकास समिति महासंघ - सदस्य

(च) अध्यक्ष, राष्ट्रिय महिला आयोग - सदस्य

(छ) अध्यक्ष, राष्ट्रिय दलित आयोग - सदस्य

(ज) देशभित्र कार्यरत गैर सरकारी संस्थाहरुको राष्ट्रियस्तरको छाता संगठन मध्येबाट श्री ५ को सरकारबाट मनोनीत एकजना - सदस्य

(झ) गरीबी निवारणको क्षेत्रमा विशेष योगदान पुऱ्याई राष्ट्रिय जीवनमा


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग

ख्याति प्राप्त गरेका व्यक्तिहरु
मध्येबाट एकजना महिला सहित
श्री ५ को सरकार द्वारा मनोनीत
दुईजना - सदस्य

(३) उपदफा (२) को खण्ड (झ) बमोजिम श्री ५ को सरकारले सदस्य मनोनयन गर्दा स्नातकोत्तर उपाधि हासिल गरी गरीबी निवारणको क्षेत्रमा कम्तीमा सात वर्ष योगदान पुऱ्याएका व्यक्तिहरु मध्येबाट गर्नु पर्नेछ ।

(४) उपदफा (२) को खण्ड (ख), (ज) र (झ) बमोजिम मनोनीत सदस्यको पदावधि चार वर्षको हुनेछ । निज पुनः मनोनयन हुन सक्नेछ ।

(५) श्री ५ को सरकारले उपदफा (२) को खण्ड (ख) (ज) र (झ) बमोजिमको सदस्य मनोनीत गर्दा कुनै राजनैतिक दलको सदस्य नभएका व्यक्तिहरु मध्येबाट गर्नुपर्नेछ ।

(६) समितिले आवश्यक देखेमा गरीबी निवारण कार्यसंग सम्बन्धित व्यक्ति र सम्बन्धित विषयको विशेषज्ञलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(७) बाह्य स्रोत र साधनको परिचालन कार्यक्रम संयोजन गरी गरीबी निवारण कार्यक्रमलाई बढी प्रभावकारी बनाउन समितिले आवश्यक देखेमा सम्बद्ध संस्थाका प्रतिनिधि सम्मिलित एक परामर्श समिति गठन गर्न सक्नेछ।

(८) गरीबी निवारण कोषको कार्यकारि निर्देशक समितिको सचिब हुनेछ ।

११. छनौट समितिः (१) दफा १० को उपदफा (२) को खण्ड (ख) बमोजिम उपाध्यक्षको मनोनयन गर्ने प्रयोजनको लागि श्री ५ को सरकार समक्ष सिफारिश गर्न देहाय बमोजिम एउटा छनौट समिति रहनेछः-

(क) उपाध्यक्ष, राष्ट्रिय योजना आयोग - संयोजक

(ख) गरीबी निवारणको क्षेत्रसंग सम्बन्धीत विज्ञहरु मध्येबाट श्री ५ को सरकारले तोकेको व्यक्ति - सदस्य

(ग) मुख्य सचिव,


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार - सदस्य

(२) उपदफा (१) बमोजिमको छनौट समितिले उपाध्यक्षको मनोनयनको लागि श्री ५ को सरकार समक्ष नाम सिफारिश गर्दा तीन जनाको नाम सिफारिश गर्नु पर्नेछ ।

(३) छनौट समितिले उपदफा (२) बमोजिम सिफारिश गरेको तीन जना मध्येबाट कुनै एकजनालाई श्री ५ को सरकारले उपाध्यक्षको लागि मनोनयन गर्नेछ ।

(४) छनौट समितिले उपाध्यक्षको मनोनयनको लागि सिफारिश गर्ने नाम छनौट गर्दा अपनाउनु पर्ने प्रकिया तथा आफ्नो बैठक सम्बन्धी कार्यविधि आफै निर्धारण गर्न सक्नेछ ।

१२. समितिको बैठक र निर्णयः (१) एक वर्षमा कम्तीमा ६ पटकमा नघट्ने गरी समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

तर, दुईवटा बैठक बीचको अवधि दुई महिनाभन्दा बढी हुनेछैन ।

(२) समितिको सचिवले समितिको बैठक बस्ने सूचनाको साथमा बैठकमा छलफल हुने विषयको कार्यसूची सदस्यहरुलाई बैठक बस्ने मितिभन्दा कम्तीमा सात दिन अगावै उपलब्ध गराउनु पर्नेछ ।

(३) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछ ।

(४) कूल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरुको उपस्थिति भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

तर कोषको दीर्घकालीन तथा अल्पकालीन योजना, वार्षिक कार्यक्रम र बजेट सम्बन्धी विषयमा छलफलको लागि बस्ने बैठकको लागि कम्तीमा पचहत्तर प्रतिशत सदस्यहरुको उपस्थिति आवश्यक हुनेछ ।

(५) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(६) समितिले गरेका निर्णयहरु समितिको सचिवद्वारा प्रमाणित गरिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(७) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१३. सदस्यता कायम नरहने: (१) देहायको कुनै अवस्थामा दफा १० को उपदफा (२) को खण्ड (ख), (ज) वा (झ) बमोजिम मनोनीत सदस्यको पद रिक्त भएको मानिनेछ:-

(क) मृत्यु भएमा,

(ख) पदावधि समाप्त भएमा,

(ग) पदबाट निजले दिएको राजीनामा स्वीकृत भएमा,

(घ) कुनै सूचना नदिई लगातार तीन पटक समितिको बैठकमा अनुपस्थित रहेमा,

(ङ) यस अध्यादेशको उद्देश्य विपरीत कार्य गरेको वा कोपको काममा निष्क्रिय रहेको वा सहयोग नगरेको वा कोपलाई हानि नोक्सानी हुने कुनै काम गरेको वा कोप वा समितिको नीति, निर्देशन विपरीत काम गरेको आरोपमा समितिको सदस्य पदबाट हटाउन आवश्यक छ भनी समितिको कुनै सदस्यले पेश गरेको प्रस्ताव समितिको कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरुबाट पारित भएमा ।

(२) उपदफा (१) को खण्ड (ङ) को प्रयोजनका लागि प्रस्ताव पेश गर्ने, प्रस्तावमा छलफल गर्ने तथा प्रस्ताव उपर मतदान गर्ने सम्बन्धी कार्यविधि समितिले तोके बमोजिम हुनेछ ।

१४. काम कारबाही बदर नहुने: समितिको गठनमा कुनै त्रुटी भई वा कुनै सदस्यको स्थान रिक्त भई समितिमा कुनै काम कारवाही भएको भए तापनि सोही कारणले मात्र त्यस्तो काम कारबाही बदर हुने छैन ।

१५. उपसमिति गठन गर्न सक्ने: (१) समितिले आफ्नो कार्य सञ्चालन गर्नका लागि आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन भएका उपसमितिको काम, कर्तव्य, अधिकार, कार्यक्षेत्रगत शर्त तथा कार्यविधि समितिले तोके बमोजिम हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११६

१६. अध्यक्षको काम, कर्तव्य र अधिकार: अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) कोषको कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्नको निमित्त उपाध्यक्षलाई आवश्यक निर्देशन दिने,

(ख) कोषलाई प्रभावकारी रुपले सञ्चालन गर्न आवश्यक अन्य काम गर्ने गराउने ।

१७. उपाध्यक्षको काम, कर्तव्य र अधिकार: (१) उपाध्यक्ष कोषको कार्यकारी प्रमुख हुनेछ र निजले अध्यक्षको निर्देशनमा कोषको कामकाज सञ्चालन गर्नेछ ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक उपाध्यक्षको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) कोषको दैनिक कार्य सुचारु रुपले सञ्चालन गर्ने सम्बन्धमा कार्यकारी निर्देशकलाई निर्देशन दिने,

(ख) कोषबाट सञ्चालित कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा निरीक्षण गर्ने गराउने,

(ग) कोषको वार्षिक प्रतिवेदन समयमै तयार गर्न लगाउने,

(घ) कोषको उद्देश्य प्राप्तिको लागि तोकिए बमोजिमका अन्य काम गर्ने गराउने ।

## परिच्छेद - ५
## कार्यकारी निर्देशक र कर्मचारी सम्बन्धी व्यवस्था

१८. कार्यकारी निर्देशक: (१) कोषको दैनिक कार्य सञ्चालन गर्नका लागि अर्थशास्त्र, व्यवस्थापन वा समाजशास्त्र विषयमा स्नातकोत्तर उपाधि हासिल गरी आर्थिक विकास वा गरीबी निवारणको क्षेत्रमा कम्तीमा सात वर्षको अनुभव भएका व्यक्तिहरु मध्येबाट खुल्ला प्रतिस्पर्धाको आधारमा समितिले एक जना कार्यकारी निर्देशक नियुक्त गर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यकारी निर्देशकको पद पूर्ति नभए सम्मको लागि समितिले उपदफा (१) बमोजिमको योग्यता पूरा गरेको कुनै व्यक्तिलाई


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कार्यकारी निर्देशकको पदमा बढीमा ६ महिनाको लागि नियुक्ति गर्न सक्नेछ ।

(३) कार्यकारी निर्देशकको पदावधि पाँच वर्षको हुनेछ ।

(४) कार्यकारी निर्देशकको पारिश्रमिक, सेवाका शर्त र सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(५) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यकारी निर्देशकले कोषलाई हानि नोक्सानी हुने कुनै काम कारबाही गरेमा वा भ्रष्ट्राचारको अभियोग प्रमाणित भएमा वा समितिको नीति निर्देशन विपरीत काम गरेमा समितिले तोकिएको प्रकिया अपनाई निजलाई कार्यकारी निर्देशकको पदबाट हटाउन सक्नेछ ।

१९. <u>कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार</u>: (१) कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने,

(ख) कोषको दीर्घकालीन तथा अल्पकालीन योजना, बार्षिक कार्यक्रम तथा बजेट तयार गरी स्वीकृतिको लागि समिति समक्ष पेश गर्ने,

(ग) समितिबाट स्वीकृत योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने, गराउने,

(घ) कोषको दैनिक कार्यको सुपरीवेक्षण तथा निरीक्षण गरी कोषको उद्देश्य अनुसार आवश्यक कार्य गर्ने,

(ङ) कोषको अनुदान तथा सहयोगमा कार्यान्वयन गरिएका गरीवी निवारण सम्बन्धी कार्यक्रमहरुको निरीक्षण गरी त्यसको प्रगति विवरण समिति समक्ष पेश गर्ने ,

(च) कोषले सञ्चालन गरेका कार्यक्रमहरुको वार्षिक तथा आवधिक प्रतिवेदन तयार गरी समिति समक्ष पेश गर्ने ,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(छ) कोषको निमित्त आवश्यक रकम जुटाउन आन्तरिक तथा बाह्य श्रोत परिचालन गर्ने ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक कार्यकारी निर्देशकको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

२०. <u>कर्मचारी सम्बन्धी व्यवस्था</u>: (१) कोषको काम सुचारु रुपले सञ्चालन गर्नका लागि कोषमा आवश्यक संख्यामा कर्मचारी रहनेछन् ।

(२) कोषका कर्मचारी तोकिए बमोजिम करारमा नियुक्ति गरिनेछ ।

(३) कोषका कर्मचारीको पारिश्रमिक, सुविधा तथा सेवाका शर्त तोकिए बमोजिम हुनेछन् ।

## परिच्छेद - ६
## कोष तथा लेखापरीक्षण

२१. <u>कोष</u>: (१) कोषको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकमहरु रहनेछन्:-

(क) श्री ५ को सरकारबाट प्राप्त हुने अनुदान,

(ख) विदेशी सरकार, राष्ट्रिय वा अन्तर्राष्ट्रिय संघ, संस्था वा व्यक्तिबाट प्राप्त सहयोग वा अनुदान,

(ग) कोषको चल तथा अचल सम्पत्तिवाट आर्जन भएको रकम,

(घ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) बमोजिम कोषलाई प्राप्त हुने सम्पूर्ण रकम नेपाल राष्ट्र बैंक वा नेपाल अधिराज्यस्थित कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(३) कोषको तर्फबाट गरिने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषमा जम्मा भएको रकमबाट व्यहोरिनेछ ।

तर कोषको सञ्चालन खर्च आयोजना तथा कार्यक्रमका लागि छुट्याईएको रकमको अधिकतम पाँच प्रतिशतभन्दा बढी हुनेछैन ।

(४) कोषको खाता सञ्चालन तोकिए बमोजिम हुनेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
995

२२. लेखा र लेखापरीक्षण: (१) कोपको आय-व्ययको लेखा तोकिए बमोजिम राखिनेछ ।

(२) कोपले नेपाल चार्टर्ड एकाउन्टेन्टस् ऐन, २०५३ बमोजिम नाम दर्ता भएको चार्टर्ड एकाउन्टेन्टबाट कोपको आन्तरिक लेखापरीक्षण गराउनु पर्नेछ ।

(३) कोपको आय-व्ययको बार्षिक लेखापरीक्षण प्रचलित कानून अनुसार महालेखा परीक्षकको विभागबाट हुनेछ ।

(४) श्री ५ को सरकारले चाहेमा जुनसुकै बखत कोपको बार्षिक हिसाब किताब जाँच्न वा जचाँउन सक्नेछ ।

## परिच्छेद - ७
## विविध

२३. सहभागी हुन नपाउने: सदस्य, कार्यकारी निर्देशक तथा कुनै कर्मचारीले आफ्नो स्वार्थ भएको कुनै विपय वस्तुसंग सम्बन्धित कोषको कुनै निर्णय प्रक्रियामा सहभागी हुन पाउने छैनन् ।

२४. शपथ ग्रहण: सदस्य, कार्यकारी निर्देशक तथा कर्मचारीले आफ्नो पदिय दायित्व सम्हाल्नु अगावै तोकिए बमोजिम गोपनीयता र इमान्दारीताको शपथ ग्रहण गर्नु पर्नेछ ।

२५. वार्षिक प्रतिवेदन: (१) कार्यकारी निर्देशकले कोपको काम कारबाहीको वार्पिक प्रतिवेदन प्रत्येक आर्थिक वर्प समाप्त भएको मितिले ६ महिनाभित्र समिति समक्ष पेश गर्नु पर्नेछ । समितिवाट पारित प्रतिवेदनको एक प्रति कार्यकारी निर्देशकले श्री ५ को सरकार समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त कोपले वर्पभरी सञ्चालन गरेको कार्यक्रम, कार्यक्रम सञ्चालन गर्दा हुन गएको लागत, कोप सञ्चालन खर्च तथा कार्यक्रमबाट भएको उपलब्धि र भविप्यमा गर्नु पर्ने सुधार समेतका कुराहरु समावेश गर्नु पर्नेछ ।

(३) कार्यकारी निर्देशकले समितिको स्वीकृति लिई उपदफा (२) मा उल्लेख भए बमोजिमको कोपको वार्पिक प्रतिवेदन प्रत्येक वर्प सार्वजनिक रुपमा प्रकाशन गर्नेछ ।

२६. बैठक भत्ता: सदस्यहरुले समितिको बैठकमा भाग लिए वापत तोकिए बमोजिमको बैठक भत्ता पाउनेछन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।